# सहमति जुटाउन दलहरु असफल

भुवन केसी/तिलक पाठक

***प्रकाशित मितिः*** असोज २०, २०७१

प्रमुख राजनीतिक दल नेपाली काँग्रेस, नेकपा एमाले र एकीकृत नेकपा माओवादीका नेताहरुले आगामी माघ ८ गते संविधान जारी गर्ने बताउँदै आएपनि संविधानसभाको कार्यतालिका अनुसार संविधान निर्माणको प्रकृया अघि बढ्न सकेन । संविधानसभा अन्तर्गतको संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले सहमति निर्माणका लागि बारम्बार छलफल र वार्ता गरेपनि संविधानका विवादित मुख्य विषयहरु राज्यको पुनर्संरचना, शासकीय स्वरुप, न्याय प्रणाली लगायतका विषयमा खासै प्रगति भएन ।

यता, संविधान निर्माण प्रक्रियामा सहमति जुटाउन भन्दै संविधानसभा बाहिर रहेको नेकपा माओवादी लगायतका दलहरुसँग राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने मुख्य दल  र सरकारको योजना पनि असफल भयो । छलफलका विषयमा देखिएको विवादका कारण सम्मेलन नै भाँडियो । सत्ता पक्ष र प्रतिपक्षी दलहरुबीच विगतका सहमति कार्यान्वयनको विषयमा देखिएको विवादका कारण संसदको बैठक निरन्तर रुपमा अवरुद्ध भयो । मुख्य दलहरुबीच सहमति हुन नसक्दा, नेकपा माओवादीसँग गर्ने भनिएको राष्ट्रिय राजनीतिक सम्मेलन भाँडिदा र सत्तापक्ष र प्रतिपक्षी दलहरुबीच विवाद कायम रहँदा संविधान निर्माण प्रक्रियाको तालिका नै प्रभावित भयो । यसले प्रक्रियागत रुपमा राजनीतिक दलहरुले आगामी माघ ८ गते संविधान जारी गर्छन् भन्नेमा संशय उत्पन्न गरायो ।

## कार्यतालिका प्रभावित

संविधानसभा राजनीतिक संवाद तथा सहमति समितिको बैठकमा अधिकांश दलहरु नयाँ संविधानको नाम नेपालको संविधान राख्ने, भ्रष्टचार, नैतिक पतन र गम्भीर अभियोग प्रमाणित भएका व्यक्ति निर्वाचनमा उम्मेदवार हुन नपाउने, सात वटा संवैधानिक आयोग बनाउने, नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य बनाउने लगायतका विषयमा सहमति भए । नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रामक व्यवस्था बनाउनेमा भने राष्ट्रिय जनमोर्चा र राप्रपा नेपालले विरोध गरे ।

संवाद समितिमा अरु विषयमा सहमति भइरहेका बेला काँग्रेस, एमाले र एमाओवादीले संविधानका सबैभन्दा विवादास्पद विषय ठानिएका राज्यको पुनर्संरचना र शासकीय स्वरुपबारे छलफल गरे । तर, उनीहरुबीच भदौको तेस्रो सातासम्म संविधानका विवादित विषयमा सहमति हुने छाँटकाँट क्षीण हुदै गएपछि काँग्रेस र एमालेले त्यसको विकल्पबारे छलफल शुरु गरे । कांग्रेस र एमालेले निर्धारित समयमा

सहमति हुन नसके मतदानमा गएर भएपनि विवादित विषयलाई टुंगो लगाउनुपर्नेमा जोड दिन थाले । एमाओवादीले भने यसबीचमा संविधानका विवादित विषयमा सहमति गरी टुंगो लगाउनेभन्दा पनि नेकपा माओवादीसँगको राष्ट्रिय राजनीतिक सम्मेलनपछि मात्र संविधान निर्माणको प्रक्रिया अघि बढाउन जोड दिन थाल्यो ।[1] बैद्य माओवादीलाई संविधान लेखनमा सहमतिको वाहनामा एमाओवादी पार्टी मिलाउन सकिन्छ भन्ने प्रचण्ड बुझाइ छ र यसैका लागि उनी प्रयत्नरत छन् । यसपालि कार्यतालिका सर्नुको प्रमुख कारण पनि यही हो ।[2] सकेसम्म २१ गतेभित्र नै सहमति गर्ने नभए निर्वाचन प्रक्रियातिर जान चाहेका काँग्रेस र एमालेले एमाओवादीको सो प्रस्तावलाई अस्वीकार गरे । काँग्रेस र एमाले सहमति नभए सहमति र असहमतिका विषयलाई समेटेर संविधानसभामा पठाउने पक्षमा थिए भने एमाओवादी समय थप्ने पक्षमा थियो । ‘सहमति भए र नभएका सबै विषय संविधानसभामा पठाऔं । प्रकृया नछाडौं, प्रक्रियामा जाँदा सबै विषय तलमाथि परिहाल्छ भन्ने नसोचौं’[3]काँग्रेस उपसभापति रामचन्द्र पौडेलको भनाइ थियो । यस्तै एमाओवादी अध्यक्ष  दाहालले ‘पहिले संविधान नै संशोधन गर्न हुने, अहिले नियमावाली हेरफेर गर्न किन नहुने ? एक महिना थपौं । माघ ८ मा संविधान नआए पनि आकाश खस्दैन’[4] भन्ने प्रतिक्रिया दिए ।

फेरि काँग्रेस, एमाले र एमाओवादीले मुख्य विषयमा सहमति खोज्ने भन्दै वार्ता गरे । त्यसमा पनि कुनै प्रगति भएन । पूर्व निर्धारित समयमा सहमति जुटाउन संविधानसभा असफल भयो ।[5] भदौ २१ गते बसेको संवाद समितिको बैठकले विवादित विषयसहितको प्रतिवेदन संविधान सभामा पेश गर्ने निर्णय गर्‍यो । काँग्रेस र एमालेले सहमति नभए प्रक्रियामा जानुपर्नेमा जोड गरिरहेका बेला एमाओवादी नेतृत्वमा रहेको संघीय गणतान्त्रिक मोर्चाको बैठकले संविधान निर्माण सहमतिमा नै हुनुपर्ने बतायो । बैठकले सहमतिविपरित प्रक्रियामा लगेर संविधान निर्माण प्रक्रियालाई अगाडि बढाउन खोजिए त्यो मान्य नहुने निष्कर्ष निकाल्यो ।[6]

त्यसपछि संवाद समितिका सभापति बाबुराम भट्टराईले विवादित विषयमा सहमतिका लागि समितिलाई थप समय दिन माग गर्दै संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई प्रतिवेदन बुझाए । सोही दिन बसेको काँग्रेस संसदीय दलको बैठकमा सभासद्हरुले सहमति जुटाउनका लागि एकपटक समितिलाई थप समय दिन सुझाव दिए । संविधानसभामा प्रतिवेदन पेश गर्दै सभापति भट्टराईले संविधान निर्माणमा सक्रिय नहुन दबाब आएको बताए । ‘केही वृत्तबाट सहमति निर्माणका लागि किन यति धेरै लाग्नु भएको हो ? आखिर संविधान बन्ने होइन भनेर ममाथि मनोवैज्ञानिक त्रास र आतंक सिर्जना गर्न खोजियो,’[7] बैठकमा भट्टराईको भनाइ थियो ।

[1] भदौ २०, २०७० । कान्तिपुर टिभी ।

[2] ढकाल, अमित । बैद्यलाई कुर्ने प्रचण्डको रणनीतिले बन्ला ८ माघमा संविधान ? Retrieved October 4, 2014 from http://setopati.com/raajneeti/17216/

[3] पाण्डे, बलराम । भदौ २१, २०७१ । म्याद थपमा चर्को मतभेद । नागरिक, पृ.१ ।

[4] पाण्डे, बलराम । भदौ २१, २०७१ । म्याद थपमा चर्को मतभेद । नागरिक, पृ.१ ।

[5] ढुंगाना, चिरञ्जीवी  र साउद, नरेन्द्र । भदौ २२ , २०७१ । सहमति जुटाउन संवाद समिति असफल । अन्नपूर्ण पोष्ट, पृ.१ ।

[6] सहमतिमा संविधान निर्माण गर्न मोर्चाको जोड । Retrieved October 4, 2014 from http://setopati.com/raajneeti/17119/

[7] फुयाल, राजेन्द्र । भदौ २७, २०७१ । ‘संविधान निर्माणमा सक्रिय नहुन दबाब आयो’ । कान्तिपुर, पृ.१ ।

संविधानसभामा पेश भएको संवाद समितिको प्रतिवेदनमा छलफल भयो । छलफलका क्रममा धेरै सभासद्हरुले समितिलाई काम गर्न एक पटक समय दिन सुझाव दिए । सोही अनुसार असोज ४ गतेको संविधानसभाको बैठकले सहमति जुटाउनका लागि संवाद समितिलाई असोज १४ गतेसम्मको समय दियो । त्यसपछि संवाद समितिले उपसमितिहरुको काम गर्न समय थप्यो भने संवाद समितिमा सभापति बाबुराम भट्टराईले साना दलहरुसँग छुट्टै छलफल गरे । संवाद समितिको बैठकबाट पनि सहमतिका लागि दबाब सिर्जना गर्न समितिका सदस्यहरुलाई आग्रह गरे । तर, मुख्य मुद्दाहरुमा प्रगति भएन । बरु, एमाओवादीसहितका प्रतिपक्षी दलहरुले संविधानका विवादित विषयमा साझा धारणा बनाएर अघि बढने निर्णय गरे भने काँग्रेस र एमाले पनि संविधानका अन्तर्वस्तुबारे दुई दलबीच साझा धारणा बनाउन अग्रसर भए । समितिमा पनि सहमति नहुने र दलहरुमा पनि सहमति नभएपछि संवाद समितिका सभापति बाबुराम भट्टराईले नयाँ संविधान आउनेबारे भने, 'नेपाली जनताले माघ ८ मै संविधान पाउनेवाला छैनन, यो मैले गम्भीरतापूर्वक भनेको हुँ, कुनै भावावेशमा होइन ।'[8]

## विकल्प ल्याए, बाबुरामले

मुख्य तीन दलबीच पटक-पटक छलफल गर्दा पनि सहमतिको स्पष्ट खाका तयार नभएपछि सभापति भट्टराई आफैले सहमतिका लागि भन्दै राज्यपुनर्संरचना, शासकीय स्वरुप र निर्वाचन प्रणालीबारे साझा धारणा अघि सारे जसमा राज्यको पुनर्सचना गर्दा दश प्रदेश, नौ प्रदेश वा आठ प्रदेशका विकल्प थिए ।

यस्तै शासकीय प्रणालीमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र सदनबाट निर्वाचित संवैधानिक राष्ट्रपति, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, सदनबाट निर्वाचित प्रधानमन्त्री वा वृहत निर्वाचक मण्डलबाट निर्वाचित कार्यकारी राष्ट्रपति थिए । निर्वाचन प्रणालीमा बहुसदस्यीय प्रत्यक्ष समानुपातिक प्रणाली, मिश्रित समानान्तर प्रणाली वा मिश्रित क्षतिपूर्ति प्रणाली थिए ।[9] बाबुरामले अघि सारेको प्रस्तावबारे काँग्रेस, एमाले र एमाओवादीको बैठकमा छलफल भएपनि सहमति हुन सकेन ।

---

[8] तिमिल्सिना, प्रकाश । असोज १३, २०७१ । माघ ८ मा सकिन्न । नागरिक, पृ.१ ।

[9] १.राज्यको पुनर्संरचना क) १० प्रदेश : तराई-मधेसमा २, पहाडमा ८ । नामाकरण सम्बन्धित प्रदेश विधायिकाले गर्ने ।

(ख) ९ प्रदेश : १. मिथिला-भोजपुरा मधेस प्रदेश २. थारुवान-अवध-लुम्बिनी प्रदेश (पूर्वमा सुनसरी र मोरङको मधेसी वाहुल्य क्षेत्र मधेसमा र पश्चिममा कैलाली र कञ्चनपुरको थारु वाहुल्य क्षेत्र थारुवानमा) ३. लिम्वुवान-मेची प्रदेश ४. किराँत-कोशी प्रदेश ५. ताम्सालिङ-सैलुङ प्रदेश ६. नेवा-बाग्मती-राजधानी प्रदेश (मकवानपुर, चितवन र नवलपुरको मैदानी क्षेत्र सहित) ७. तमुवान-गण्डकी प्रदेश ८. मगरात-धौलागिरी प्रदेश ९. कर्णाली-खप्तड र खसान प्रदेश

(ग) ८ प्रदेश : १. मिथिला-भोजपुरा मधेस प्रदेश २. थारुवान-अवध-लुम्बिनी प्रदेश (पूर्वमा सुनसरी-मोरङको मधेसी वाहुल्य क्षेत्र मधेसमा र पश्चिममा कैलाली(कञ्चनपुरको थारु वाहुल्य क्षेत्र थारुवानमा) ३. किराँत-लिम्वुवान-कोशी प्रदेश ४. ताम्सालिङ-सैलुङ प्रदेश ५. नेवा-वाग्मती-राजधानी प्रदेश ६. तमुवान-मगरात-गण्डकी प्रदेश ७. कर्णाली-भेरी प्रदेश ८. महाकाली-खप्तड प्रदेश (प्रदेश भित्रका विभिन्न जाति (भाषिक समुदायका सघन बसोवासका क्षेत्रमा 'स्वायत्त क्षेत्र' 'संरक्षित क्षेत्र' र 'विशेष क्षेत्र')

२. शासकीय स्वरुप (क) प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली समावेसी समानुपातिक दुई सदन, एकचरणपछि जनमत संग्रह (ख) प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, सदनबाट निर्वाचित संवैधानिक राष्ट्रपति प्र.म.लाई अमेरिकी राष्ट्रपतीय प्रणालीमा झै 'भिटो' को अधिकार (ग)

## राजनीतिक सम्मेलन भाँडियो

संविधानसभा निर्वाचन बिथोल्न सक्रिय रहेको नेकपा माओवादीले संविधानसभाबाट जनताको संविधान जारी हुन नसक्ने भन्दै उच्चस्तरीय राजनीतिक सभाको माग गर्दै आएको थियो । संविधान निर्माणका लागि संविधान सभाको कार्यतालिकाको समय घर्किंदै गर्दा संविधानसभामा रहेका दलहरुले सहमतिका लागि प्रयास जारी राखे । यसैको परिणामस्वरुप उनीहरु माओवादीको मागअनुसार राजनीतिक सम्मेलनको पक्षमा देखिए । भदौ १६ गते बसेको एमाओवादीको वैचारिक व्यवस्थापन समितिको बैठकले सर्वपक्षिय राजनीतिक सभा उचित भएको निष्कर्ष निकाल्यो ।[10] त्यसको अर्को दिन काँग्रेस, एमाले, एमाओवादी, राप्रपा, नेकपा मालेलगायतका दलको बैठक बस्यो । बैठकमा नेताहरु माओवादीसँग निर्णायक वार्ता गर्ने र त्यसका लागि राजनीतिक सम्मेलन गर्न सकिनेमा सकारात्मक भए ।

प्रधानमन्त्री सुशील कोइरालासहित काँग्रेस, एमाले, एमाओवादी र माओवादीका नेताहरुको बालुवाटारस्थित प्रधानमन्त्री कार्यालयमा बसेको बैठकमा राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने सहमति भयो । त्यसपछि संविधान निर्माण तत्काल अघि बढाउने कि माओवादीसँगको सम्मेलनपछि भन्नेमा अन्योल सिर्जना भयो । एमाओवादीले राष्ट्रिय सम्मेलनपछि मात्रै संविधान निर्माणको प्रक्रिया अघि बढाउन काँग्रेस र एमालेसँग प्रस्ताव गऱ्यो । तर, उनीहरुले एमाओवादीको सो प्रस्तावलाई अस्वीकार गरे ।[11] त्यसपछि राजनीतिक दलहरु सम्मेलनको मिति तय गर्नेतर्फ केन्द्रीत भए । काँग्रेस र एमाले छिटोभन्दा छिटो राजनीतिक सम्मेलन गर्ने पक्षमा देखिए भने नेकपा माओवादी केही पछि आयोजना गर्ने पक्षमा देखियो । दलहरूले कार्यदल गठन गरे ।[12] काँग्रेस, एमाले, एमाओवादी र नेकपा माओवादीका नेता रहेको कार्यदलले राष्ट्रिय राजनीतिक सम्मेलनको स्वरुप टुंगो लगायो ।

वातावरण अनुकुल हुँदै गएपछि सरकारले भदौ ३१ गतेका लागि राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने निर्णय गऱ्यो जसलाई सकारात्मक भन्दै नेकपा माओवादीले स्वागत गऱ्यो । काँग्रेस, एमाले, एमाओवादी र नेकपा माओवादीका नेता सहभागी भएको कार्यदलले सम्मेलनमा संविधानसभामा भएका सबै राजनीतिक दल र संविधान बाहिर नेकपा माओवादीको नेतृत्वमा रहेका ३३ दल सहभागी हुने निर्णय गऱ्यो । तर, त्यसको राप्रपा नेपालले विरोध गऱ्यो । साक्षी बन्न मात्र राजनीतिक सम्मेलनमा सहभागी

प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति सदनबाट निर्वाचित प्रधानमन्त्री मिश्रित प्रणाली (घ) वृहद निर्वाचक मण्डल (Electoral College) बाट निर्वाचित कार्यकारी राष्ट्रपति (उदाहरण : जर्मनीका चान्सलर)

३. निर्वाचन प्रणाली (क) बहुसदस्यीय प्रत्यक्ष समानुपातिक प्रणाली (ख)। मिश्रित समानान्तर प्रणाली (५०/५० प्रतिशत) (ग). मिश्रित क्षतिपूर्ति प्रणाली (MMPR) (महिला र दलित र जनजाति र मधेसी र आर्य-खस र मुस्लिम र विपन्न वर्ग को समावेसी-समानुपातिक प्रतिनिधित्व)

[10] नेकपा माओवादीले राखेको सर्वपक्षिय राजनीतिक सभा वैधानिक : एमाओवादी । Retrieved October 4, 2014 from http://setopati.com/raajneeti/16842/

[11] भदौ २०, २०७१ । कान्तिपुर टिभी ।

[12] कार्यदलमा काँग्रेसबाट कृष्णप्रसाद सिटौला र नरहरि आचार्य, एमालेबाट भिम रावल र अग्नी खरेल, एमाओवादीबाट कृष्णबहादुर महरा र खिमलाल देवकोटा र नेकपा माओवादीबाट देव गुरुङर पम्फा भुसाल थिए ।

नहुने भन्दै राप्रपा नेपालले सम्मेलनमा सहभागी नहुने निर्णय गऱ्यो ।[13] राजनीतिक सम्मेलनका लागि राजनीतिक दलहरु तयारीमा थिए । सम्मेलन हुने दिन भदौ ३१ गते काँग्रेस, एमाले, एमाओवादी र नेकपा माओवादीका नेताहरुको बैठक बालुवाटारस्थित प्रधानमन्त्री निवासमा बस्यो । सम्मेलनमा प्रस्तुत हुने विषय र त्यसले गर्ने निर्णयबारे राजनीतिक दलहरुबीच मत बाझियो । नेकपा माओवादीले संविधान निर्माणका साथ साथै शान्ति प्रक्रियाका बाँकी कामबारे पनि छलफल हुनुपर्छ भन्ने माग राख्यो ।

काँग्रेस र एमालेले संविधानका विषयमा मात्र छलफल गर्न सकिने बताए । उनीहरुले संविधानका विषयबारे छलफल मात्र गर्ने र त्यसबाट आएका विषयलाई संविधानसभामा पेश गर्ने बताए । माओवादीका नेताले भने संविधानका विषयबारे घोषणा नै गर्नुपर्ने कुरा उठाए । बैठकमा सहमति हुन नसकेपछि माओवादीका नेताहरु पार्टीमा छलफल गर्ने भन्दै बुद्धनगरस्थित पार्टी कार्यालयतिर लागे । प्रधानमन्त्री सुशील कोइराला, कानून तथा न्याय मन्त्री नरहरि आचार्य, एमालेका अध्यक्ष केपी शर्मा ओली, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल लगायतका नेताहरु नयाँ वानेश्वरस्थित संविधानसभा परिसरमा पुगे । सम्मेलनको निर्धारित समयमा पनि माओवादीका नेताहरु सम्मेलनस्थल पुगेनन् । पछि माओवादी अध्यक्ष मोहन बैद्यले टेलिफोनबाटै सम्मेलनमा आफूहरु सहभागी नहुने प्रधानमन्त्री सुशील कोइरालालाई जानकारी गराए । त्यसपछि सम्मेलन भाँडियो । नेकपा माओवादीले सभामा सहभागी हुनु अघि नै शान्ति प्रक्रिया, संविधानका अन्तर्वस्तु, संक्रमणकालिन राजनीतिक व्यवस्थापन चार दलीय सहमतिमा गर्ने लिखित सहमति गर्नुपर्ने अडान राखेको थियो ।[14]

सम्मेलन भाँडिनुमा काँग्रेस, एमाले र एमाओवादीले माओवादीलाई दोष लगाए । माओवादीले भन्यो, 'परन्तु, शाब्दिक रुपमा सर्वदलीय सम्मेलन गर्ने भनिएपनि त्यसको कार्यसूची, क्षेत्राधिकारलगायतका विषयमा सत्तारुढ दलहरु सहमत भएनन् । सर्वदलीय सम्मेलनलाई संविधानको विषयमा मात्र सीमित राख्ने, त्यसमा पनि दलहरुबाट राय सल्लाह र सुझाव लिने प्रकृतिको बनाउने, सम्मेलनबाट कुनै पनि राजनीतिक निर्णयहरु लिन नसक्ने, सम्मलेनको पूर्वतयारी, कार्यसूची र मोडालिटीबारे चार दलको बीचमा कुनै पनि लिखित सहमति पनि गर्न नसकिने सत्तारुढ दलहरुद्वारा भनिएपछि उक्त सम्मलेनको कुनै अर्थ र औचित्य देखिएन । अतः भदौ ३१ गते सरकारद्वारा आयोजित सर्वदलीय सम्मेलनमा हाम्रो पार्टी लगायत तेत्तिस दलीय मोर्चा सहभागी नहुने निर्णय गरिएको छ ।'[15]

वार्ता भाँडिएपछि पनि माओवादीले संवादको बाटोलाई चाहिं बन्द गरेन । उसले भन्यो, 'दलहरुबीच वार्ता र संवाद जारी राख्दै सम्मेलनको कार्यसूची, सहमतिले निर्णय गर्न सक्ने क्षेत्राधिकार र सम्मलेनबाट सम्बोधन गर्न नसकिने विषयहरुमा सहमति कायम गर्ने वैकल्पिक उपायहरुबारे लिखित सहमति नहुँदासम्म सर्वदलीय सम्मलेनको औचित्य नरहने भएकोले ती विषयहरुमा नीतिगत मार्गचित्रबारे लिखित सहमति कायम गरेर मात्र सर्वदलीय सम्मेलन आयोजना गरिनुपर्दछ भनी हाम्रो पार्टीसम्बद्ध पक्षहरुसँग जोडदार माग गर्दछ ।'[16] काँग्रेस, एमाले र एमाओवादीले नेकपा माओवादीले मौका गुमाएको प्रतिक्रिया दिए । एमाले अध्यक्ष ओलीले 'अब संविधानसभा बाहिरको संयन्त्रबाट काम

[13] भदौ ३० , २०७१ । कान्तिपुर टिभी ।

[14] अधिकारी, बालकृष्ण । असोज १, २०७० । सर्वपक्षिय सभा रद्द । नागरिक, पृ.१ ।

[15] नेकपा माओवादीको प्रेस विज्ञप्ति । भदौ ३१, २०७१ ।

[16] नेकपा माओवादीको प्रेस विज्ञप्ति । भदौ ३१, २०७१ ।

हुने सम्भावना टर्‍यो'[17] भनी प्रतिक्रिया दिए । काँग्रेसका उपसभापति पौडेलले पनि 'उनीहरु (नेकपा माओवादी)ले माग गरेजस्तै सम्मेलन गरेको हो । तर, बैद्यजीहरु भाग्नुभयो । मौका पनि गुमाउनु भयो',[18] भनि प्रतिक्रिया दिए ।

## संसद खुलेन

सत्ता पक्ष र प्रतिपक्ष दलहरुबीच सहमति हुन नसकेपछि संसदको बैठक निरन्तर अवरुद्ध भयो । संसद बैठक अवरुद्ध हुँदा संविधान निर्माणमा समेत असर परेको भन्दै सभामुख सुवासचन्द्र नेम्वाङले राजनीतिक दलहरुलाई सचेत गराए । संवाद समितिका सभापति बाबुराम भट्टराइले पनि व्यवस्थापिका संसद अवरुद्ध हुँदा भावनात्मक असर संविधानसभामा परेको बताए ।[19] संसद अवरुद्ध खुलाउनका लागि काँग्रेस, एमाले र एमाओवादीका शीर्ष नेताहरुबीच पटक-पटक छलफल भयो । तर, पनि सहमति भएन । सुरुमा त काँग्रेस र एमाले राजनीतिक समिति बनाउन पनि तयार थिएनन् । काँग्रेस उपसभापति पौडेलले संविधानसभामा माओवादीको माग बमोजिम राजनीतिक समिति दिएकाले उच्चस्तरीय समिति बन्न नसक्ने धारणा व्यक्त गरे ।[20]

एमाओवादी नेतृत्वमा रहेको संघीय गणतान्त्रिक मोर्चाले आफ्ना माग पुरा गरे बैठक सञ्चालन गर्न दिने निर्णय गर्‍यो । प्रतिपक्षी दलहरुले उठाएका मागबारे छलफल हुँदा उच्चस्तरीय राजनीतिक समितिको नेतृत्वबारे विवाद भयो । एमाओवादीले संयन्त्रको नेतृत्वमा दाबी गर्‍यो । तर, काँग्रेस र एमाले एमाओवादीलाई स्थायी रुपमा समितिको नेतृत्व दिन नहुनेमा जोड दिए । त्यसबारे एमाओवादी अध्यक्ष दाहालले भने, 'त्यतिबेला मैले गिरिजाबाबुलाई उच्चस्तरीय राजनीतिक संयन्त्रको संयोजक बन्नुहोस् भनी प्रस्ताव गर्न हुने, अहिले सत्ता पक्षले किन नहुने ?', उनले प्रश्न गर्दै भने, 'काँग्रेस र एमालेभित्र कहिँ न कहिँ प्रचण्ड फोबिया छ, त्यसैले कहिले यो सकियो पनि भन्छन त, कहिले संयोजक दिनै हुदैन भनि तर्सिन्छन ।'[21] एमाले नेता झलनाथ खनालले कसैलाई नेता बनाउन मात्र उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गर्न नहुने बताए ।[22] काँग्रेस र एमालेले यस्तो संयन्त्र गठन गर्दा यसको नेतृत्व पालै-पालो गर्नुपर्ने प्रस्ताव गरे जसप्रति माओवादी नेतृत्व सकारात्मक भएन । त्यसैले गर्दा सत्ता पक्ष र प्रतिपक्षी दलहरुबीच सहमति पनि भएन । र, अवरुद्ध संसद पनि खुलेन । सत्ता पक्ष र प्रतिपक्षले सदनको गतिरोध नतोडिनुमा एक अर्कालाई दोष दिए ।[23] काँग्रेस उपसभापति पौडेलले चार बुँदे सहमति अक्षरश कार्यान्वयन गर्न तयार हुँदा पनि प्रतिपक्ष एमाओवादीले सदन अवरोध जारी राखेको आरोप लगाए ।[24] यसरी उच्चस्तरीय सहमतिको कार्यन्यनको विषयमा सत्ता पक्ष र प्रतिपक्षवीच आरोप प्रत्यारोप चलिरह्यो ।

---

17 बैद्यले मौका गुमाए : मुख्य दलहरु । असोज १, २०७१ । कान्तिपुर, पृ.१ ।

18 बैद्यले मौका गुमाए : मुख्य दलहरु । असोज १, २०७१ । कान्तिपुर, पृ.१ ।

19 पाण्डे, बलराम । असोज ५, २०७१ । संवाद समिति फेरि सक्रिय । नागरिक, पृ. १ ।

20 उच्चस्तरीय समिति बन्न सक्दैन' । असोज ९, २०७१ । नागरिक। पृ.२ ।

21 बुढाथोकी, विष्णु । काँग्रेस र एमालेमा प्रचण्ड फोबिया छ । उनीहरु मसँग तर्सिन्छन । Retrieved October 4, 2014 from http://setopati.com/raajneeti/17308/

22 संयन्त्र कसैलाई नेता बनाउन होइन : खनाल । असोज ७, २०७१ । अन्नपूर्ण पोष्ट, पृ.३ ।

23 फुयाल, राजेन्द् । असोज ६, २०७१ । संयन्त्रमा नेतृत्वको अड्को । कान्तिपुर, पृ.१ ।

24 हरेक कुरामा एमाओवादी बाधक बन्यो : पौडेल । Retrieved October 4, 2014 from http://setopati.com/raajneeti/17835/

## निष्कर्ष

संविधानका विवादित मुख्य विषयहरु राज्यको पुनर्संरचना, शासकीय स्वरुप लगायतका विषयमा संवैधानिक समितिभन्दा पनि तीन दलको बैठकमा छलफल गर्ने प्रयास भयो । संवाद समितिका सभापति भट्टराईले 'ट्र्याक टु' अन्तर्गत वार्ता अघि बढाएको भनिएपनि त्यो प्रभावकारी भएन । यी विषयमा दलहरुबीच गहिराइमा पुगेर छलफल गर्नेभन्दा पनि सतहमा छलफल हुने र प्राविधिक पक्षले प्राथमिकता पाए । पहिले नै अडान लिएर वार्तामा जाने र त्यसमा टसमस नहुने स्थितिले प्रगति नभएको हो । त्यसको पछाडि भने अर्को पक्षलाई असफल पार्ने र सत्ता समिकरण समेत जोडिएको थियो ।

काँग्रेस र एमाले संविधानसभामा पुगी दुई तिहाइको आडमा आफ्नो अनुकुल निर्णय गर्ने पक्षमा थिए भने एमाओवादी सकेसम्म निर्वाचन प्रकृयामा जानै चाहेन । निर्वाचनमा गए आफ्ना मुद्दाहरु स्वत: पछि पर्ने एमाओवादीको ठम्याइ थियो । त्यतिमात्र होइन, अध्यक्ष दाहाल र संवाद समितिका सभापति भट्टराईबीच रहेको द्वन्द्वको प्रभाव पनि संविधान निर्माण प्रकृयामा परेको थियो । भट्टराई फटाफट काम गरेर चर्चित हुने पक्षमा थिए । तर, दाहाल भने संविधानसभाभन्दा उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गर्ने र त्यसैबाट सहमति गर्ने पक्षमा थिए । काँग्रेस, एमाले, एमाओवादीको आ-आफ्नै स्वार्थका कारण संविधानसभाको कार्यतालिका प्रभावित हुन पुगेको हो ।

उच्चस्तरीय राजनीतिक सम्मेलन भाँडिनुमा पनि सरकार र नेकपा माओवादीका स्वार्थ जोडिएको थियो । सत्तापक्ष नेकपा माओवादीसँग सम्मेलन गरेर संविधान निर्माणमा सबै पक्षको सहमति जुटाएको सन्देश दिन चाहन्थ्यो । नेकपा माओवादी उच्चस्तरीय राजनीतिक सभाका नाममा संविधानसभालाई पंगु बनाउन चाहन्थ्यो । त्यसैले उसले सबै विषयको छिनोफानो त्यहीबाट गर्न खोजेको थियो । जब त्यो सम्भव भएन, उसले आफैले उठाउँदै आएको उच्चस्तरीय राजनीतिक सभा वा राजनीतिक सम्मेलनबाट पछि हट्यो । एमाओवादी भने सभा वा सम्मेलनका नाममा संविधान निर्माण प्रकृयालाई पर धकेल्न चाहन्थ्यो । सहमतिको राजनीतिमा जोड दिने तर आफ्ना कुराबाट तलमाथि नहुने स्थितिले गर्दा नै संविधान निर्माण प्रकृया ढिलो भयो भने राजनीतिक सम्मेलन असफल भयो । यसले गर्दा संसदको बैठक समेत निरन्तर प्रभावित भइरह्यो ।

## मुख्य राजनीतिक घटनाक्रम

### भदौ १६

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । नयाँ संविधानको नाम नेपालको संविधान राख्न दलहरु सहमत ।

एमाले पदाधिकारीको बैठक । संविधानसभाको कार्यतालिका परिवर्तन गर्न नहुने निष्कर्ष ।

एमाओवादीको वैचारिक व्यवस्थापन समितिको बैठक । नेकपा माओवादीले माग गरेको सर्वपक्षिय राजनीतिक सभा उचित भएको ठहर ।

**भदौ १७**

बालुवाटारस्थित प्रधानमन्त्री कार्यालयमा काँग्रेस, एमाले, एमाओवादी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा माले लगायतका राजनीतिक दलको बैठक । नेकपा माओवादीको माग गोलमेच सभा सकारात्मक भएको निष्कर्ष । माओवादीसँग निर्णायक वार्ता गर्ने निर्णय ।

काँग्रेस, एमाले र एमाओवादीको बैठक । संविधानका विवादित मुख्य विषयहरु राज्यको पुनर्संरना र शासकीय स्वरुपबारे छलफल ।

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य बनाउने सहमति । राप्रपा नेपाल र राष्ट्रिय जनमोर्चाको असहमति ।

**भदौ १८**

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । भ्रष्टचार, नैतिक पतन र गम्भीर अभियोग प्रमाणित भएका व्यक्ति निर्वाचनमा उम्मेदवार हुन नपाउनेमा सहमति ।

काँग्रेस र एमालेको बैठक । भदौ २१ गतेभित्र विवादित विषयमा सहमति नभए मतदानमा गएर भएपनि टुंगो लगाउने निर्णय ।

प्रतिपक्षी दलहरुद्वारा व्यवस्थापिका संसदको बैठक अवरुद्ध । सभामुख सुवासचन्द्र नेम्वाङद्वारा संसदको बैठकका कारण संविधान निर्माणमा असर नपार्न राजनीतिक दलहरुलाई सचेत ।

**भदौ १९**

काँग्रेस, एमाले र एमाओवादीको बैठक । संविधानका विवादित विषयमा छलफल । बालुवाटारस्थित प्रधानमन्त्री निवासमा प्रधानमन्त्री, नेकपा माओवादी सहित मुख्य दलहरुको बैठक । राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने सहमति ।

राप्रपा नेपालको बैठक । आफूलाई वेवास्ता गरेको भन्दै मुख्य दलहरुले गर्ने निर्णयलाई अस्वीकार गर्ने निर्णय ।

**भदौ २०**

काँग्रेस, एमाले र एमाओवादीको बैठक । राष्ट्रिय सम्मेलनपछि मात्रै संविधान निर्माणको प्रकृया अघि बढाउन एमाओवादीको प्रस्ताव । काँग्रेस र एमालेद्वारा एमाओवादीको प्रस्ताव अस्वीकार ।

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । सहमति नभए कार्यतालिका संशोधन गर्ने कि समितिका समय बढाउने भन्नेमा राजनीतिक दलहरुबीच विवाद ।

**भदौ २१**

संविधानका विवादित विषयमा सहमति खोज्न मुख्य राजनीतिक दलहरुबीची वार्ता । विवादित विषयमा सहमति हुन सकेन ।

संवैधानिक राजनीति संवाद तथा सहमति समितिको बैठक । संविधानका विवादित विषय सहितको प्रतिवेदन संविधानसभामा पेश गर्ने निर्णय ।

संघीय गणतान्त्रिक मोर्चाको बैठक । संविधान निर्माणमा सहमतिमा नै अघि बढाउनुपर्नेमा जोड ।

**भदौ २२**

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईद्वारा प्रतिवेदन संविधानसभा अध्यक्ष सुवास नेम्वाङ समक्ष पेश । सहमति गर्नका लागि थप समयको माग ।

**भदौ २३**

बालुवाटारस्थित प्रधानमन्त्री निवासमा काँग्रेस, एमाले, एमाओवादी र नेकपा माओवादीको कार्यदलको बैठक । राष्ट्रिय राजनीतिक सम्मेलनको मितिबारे राजनीतिक दलहरुबीच विवाद ।

काँग्रेस संसदीय दलको बैठक । संविधानका विवादित विषयमा सहमति जुटाउन संवाद समितिलाई एक पटक थप समय दिनुपर्ने शिर्ष नेताहरुको धारणा ।

**भदौ २४**

काँग्रेस, एमाले, एमाओवादी र नेकपा माओवादीको कार्यदलको बैठक । राष्ट्रिय राजनीतिक सम्मेलनको स्वरुप र क्षेत्राधिकारबारे टुंगो ।

**भदौ २५**

काँग्रेस, एमाले र एमाओवादीका शिर्ष नेताहरुको बैठक । संविधानका विवादित विषय र अवरुद्ध संसद खुलाउनेबारे छलफल ।

व्यवस्थापिका संसदको बैठक । प्रतिपक्षी दलहरुद्वारा बैठक अवरुद्ध ।

**भदौ २६**

काँग्रेस, एमाले, एमाओवादी र नेकपा माओवादीको बैठक । राष्ट्रिय राजनीतिक सम्मेलनको मिति र कार्यविधिबारे विवाद ।

संविधानसभाको बैठक । संवैधानिक राजनीति संवाद तथा सहमति समितिका सभपति बाबुराम भट्टराईद्वारा प्रतिवेदन पेश ।

व्यवस्थापिका संसदको बैठक । प्रतिपक्षी दलहरुद्वारा अवरुद्ध ।

**भदौ २७**

व्यवस्थापिका संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको बैठक । परराष्ट्रमन्त्री महेन्द्र पाण्डेद्वारा केही दिनभित्र राजदूत नियुक्ति प्रकृया थाल्ने भनाइ ।

संविधानसभाको बैठक । संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको प्रतिवेदनमाथि छलफल ।

संवैधानिक परिषद्को बैठक । प्रधानन्यायाधीश पदका लागि सर्वेच्च अदालतका वरिष्ठ न्यायाधीश रामकुमार प्रसाद शाहको नाम सिफारिस ।

व्यवस्थापिका संसदको बैठक । प्रतिपक्षी दलहरुद्वारा अवरुद्ध ।

सरकारद्वारा भदौ ३१ गतेका लागि राष्ट्रिय राजनीतिक सम्मेलन आह्वान । सम्मेलन आह्वान गर्नु सकारात्मक भएको नेकपा माओवादीको प्रतिक्रिया ।

एमालेद्वारा पयर्टन मन्त्री भिम आचार्य र उद्योग मन्त्री कर्णबहादुर थापाको ठाउँमा दीपकचन्द्र अमात्य र महेश वस्नेत मन्त्री बन्न सिफारिस । प्रधानमन्त्री सुशील कोइरालाद्वारा उनीहरुलाई मन्त्रिमा नियुक्त ।

**भदौ २८**

काँग्रेस, एमाले, एमाओवादी र नेकपा माओवादीको कार्यदलको बैठक । राजनीतिक सम्मेलनमा संविधानसभामा भएका सबै दल र संविधान बाहिर रहेका नेकपा माओवादी सहित ३३ दल सहभागी हुने निर्णय ।

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईद्वारा संविधानका विवादित विषयमा सहमति जुटाउने प्रयास । काँग्रेस, एमाले र एमाओवादीका नेताहरुसँग छलफल ।

काँग्रेसद्वारा नेपाल विद्यार्थी संघको महाधिवेशन स्थगित । विद्यार्थी हस्तक्षेपको विरोध गर्दै छुट्टा छुट्टै पत्रकार सम्मेलन ।

**भदौ २९**

संविधानसभाको बैठक । संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको प्रतिवेदनमाथि छलफल ।

व्यवस्थापिका संसदको बैठक । प्रतिपक्षी दलहरुद्वारा अवरोध ।

**भदौ ३०**

काँग्रेस केन्द्रीय समितिको बैठक । केन्द्रीय समितिको कार्यदल एक बर्ष थप ।

राप्रपा नेपालको पत्रकार सम्मेलन । साक्षी बन्न राजनीतिक सम्मेलनमा सहभागी नहुने निर्णय ।

**भदौ ३१**

काँग्रेस, एमाले, एमाओवादी र माओवादीको बैठक । राजनीतिक सम्मेलनको विषयबारे विवाद । नेकपा माओवादी सहित ३३ दल सहभागी नहुने भएपछि राजनीतिक सम्मेलन रद्द । सम्मेलन अर्थहित र औचित्वहिन बन्ने निश्चित भएका कारण भाग नलिएको माओवादीको भनाइ ।

**असोज १**

संविधानसभाको बैठक । संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको प्रतिवेदनमाथि छलफल ।

**असोज २**

संवैधानिक परिषद्को बैठक । राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्षमा पूर्वप्रधानन्यायधीश अनुपराज शर्माको नाम सिफारिस ।

संविधानसभाको बैठक । संविधानको विवादित विषयमा सहमति जुटाउनका लागि संवैधानिक राजनीतिक संवाद तथा सहमतिलाई असोज १४ गतेसम्मको समय ।

व्यवस्थापिका संसदको बैठक । विपक्षी दलहरुद्वारा अवरुद्ध ।

**असोज ३**

संघीय गणतान्त्रिक मोर्चाको बैठक । आफ्ना माग पूरा गरे संसद बैठक सञ्चालन गर्न दिने निर्णय ।

संयुक्त राष्ट्रसंघको ६९ औ महासभामा भाग लिन प्रधानमन्त्री सुशील कोइराला अमेरिकाको न्यूयोर्क प्रस्थान ।

व्यवस्थापिका संसदको बैठक । प्रतिपक्षी दलहरुद्वारा अवरुद्ध ।

**असोज ४**

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । विवाद समाधान उपसमिति र राजनीतिक संवाद उपसमितिको म्याद थप गर्ने निर्णय ।

**असोज ५**

काँग्रेस, एमाले र एमाओवादीको बैठक । उच्चस्तरीय राजनीतिक समितिको नेतृत्वबारे विवाद ।

**असोज ६**

काँग्रेस, एमाले र एमाओवादीको बैठक । समितिको नेतृत्वबारे राजनीतिक दलहरुबीच विवाद ।

व्यवस्थापिका संसदको बैठक । प्रतिपक्षी र सत्तापक्षबीच विवाद हुँदा तनाव ।

**असोज ७**

व्यवस्थापिका संसदको बैठक । सहाना प्रधानको निधनप्रति शोक प्रस्ताव पारित ।

संविधानसभा निर्वाचनमा अन्तर्घात गरेको भन्दै काँग्रेस केन्द्रीय अनुशासन समितिद्वारा १ सय ८३ जनालाई कारवाी गरेको जानकारी ।

**असोज ८**

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । विवाद समाधान उपसमितिलाई असोज १० गतेसम्म भएका प्रगति बुझाउन निर्देशन ।

व्यवस्थापिका संसदको बैठक । प्रतिपक्षी दलहरुद्वारा अवरुद्ध ।

**असोज ९**

स्रवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईद्वारा साना दलहरुसँग छलफल । सहमतिको मिलन बिन्दु खोज्न आग्रह ।

संघीय गणतान्त्रिक मोर्चाको बैठक । असोज १४ गतेसम्म सहमति जुटाउन काँग्रेस र एमालेसँग अन्तिम प्रयास गर्ने निर्णय ।

**असोज १०**

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । बंशजका आधारमा नेपाली नागरिकता प्राप्त बाबु र आमाका सन्तानले मात्र नागरिकता लिन सक्ने सहमति ।

**असोज ११**

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । सातवटा संवैधानिक आयोग बनाउन दलहरु सहमत ।

**असोज १२**

काँग्रेस, एमाले र एमाओवादीको बैठक । संसद खुलाउने प्रयास असफल ।

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । सहमतिका लागि दबाब सिर्जना गर्न सभापति भट्टराईको आग्रह ।

एमाओवादी सहित १६ दलको बैठक । संविधानका अन्तरवस्तुबारे साझा धारणा बनाएर अघि बढने निर्णय ।

**असोज १३**

संवैधानिक राजनीतिक संवाद समितिको बैठक । सभापति बाबुराम भट्टराईद्वारा संघीयता, शासकीय स्वरुप र निर्वाचन प्रणालीमा विकल्प सहितको प्रस्ताव पेश ।

काँग्रेस, एमाले र एमाओवादीको बैठक । अहिलेको अवस्थामा सहमति हुन नसक्ने नेताहरुको भनाइ ।

**असोज १४**

काँग्रेस, एमाले र एमाओवादी नेताहरुको बैठक । संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईले अघि सारेको सहमतिको प्रस्तावमा पनि सहमति हुन सकेन ।

संविधानका विवादित विषयमा सहमति जुटाउन संविधानसभाले दिएको थप समयमा पनि सहमति जुटाउन संवैधानिक राजनीतिक संवाद तथा सहमति फेरि असफल ।